# संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।६।६

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी संवैधानिक परिषद्ले देहायका नियमहरू बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अभिलेख तयार गर्नुपर्ने पदहरूः** परिषद्बाट संविधानबमोजिम पदाधिकारीहरूको सिफारिस गरी नियुक्ति गर्ने प्रयोजनको लागि अभिलेख राख्नुपर्ने पदहरू देहायबमोजिम हुनेछन् :-

(क) सर्वोच्च अदालतका प्रधानन्यायाधीश,

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू,

(ग) महालेखापरीक्षक,

(घ) लोकसेवा आयोगका अध्यक्ष र सदस्यहरू,

(ङ) निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू,



नेपाल कानून आयोग

(च) राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष र सदस्यहरू ।

३. **अभिलेख तयार गर्ने कार्यविधिः** (१) परिषद्‌बाट रिक्त पदाधिकारीको पदमा नियुक्तिको लागि सिफारिस गर्नु अगावै सो पदमा नियुक्त हुन इच्छुक व्यक्तिले आफू संविधानबमोजिम नियुक्त हुन योग्य र उपयुक्त भएको पुस्ट्याइँ गर्न उपनियम (२) बमोजिमका विवरणहरू सचिवालयमा पेश गर्नुपर्नेछ ।

(२) सचिवालयले अभिलेख तयार गर्ने प्रयोजनको लागि इच्छुक र योग्य व्यक्तिहरूलाई देहायबमोजिमको विवरण पेश गर्न पन्ध्र दिनको समय दिई नेपालभित्रबाट प्रकाशन हुने राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा तीन पटक सूचना प्रकाशन गर्नेछ :-

(क) जन्म मिति, शैक्षिक योग्यता, अनुभवसहितको वैयक्तिक विवरण (दुई पृष्ठमा नबढाई),

(ख) आफू नियुक्त हुन चाहेको संवैधानिक निकाय र पद,

(ग) आफू नियुक्त हुन चाहेको पदसँग सम्बन्धित कार्यअनुभव र सोसँग मिल्दो क्षेत्रमा आफूले पुऱ्याएको योगदानको सङ्क्षिप्त टिप्पणी (पाँच सय शब्दमा नबढाई),

(घ) नियुक्त हुन चाहेको संवैधानिक पदमा नियुक्त भएको अवस्थामा सम्बन्धित निकायमा आफूले पुर्‍याउन सक्ने योगदान, गर्नसक्ने सुधार र आवश्यक रणनीति (बढीमा पाँच सय शब्दमा) ।

नेपाल कानून आयोग

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशन गर्दा संवैधानिक निकाय र रिक्त पदाधिकारीको पदसमेत खुलाउनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम कुनै व्यक्तिले एकभन्दा बढी पदको लागि विवरण पेश गर्न चाहेमा सोको प्राथमिकतासमेत खुलाउनुपर्नेछ ।

(५) उपनियम (२) बमोजिम अन्तिम पटक सूचना प्रकाशन भएको मितिले विवरण पेश गर्ने समय प्रारम्भ भएको मानिनेछ ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतको प्रधान न्यायाधीशको नियुक्ति सम्बन्धमा सार्वजनिक रूपमा सूचना प्रकाशन गरिने छैन ।

तर सो प्रयोजनको लागि सर्वोच्च अदालतको स्थायी न्यायाधीशको पदमा कम्तीमा तीन वर्ष सेवा पूरा गरेका सम्पूर्ण न्यायाधीशहरूको विवरण सर्वोच्च अदालतसँग माग गरी सचिवालयमा अद्यावधिक गरिनेछ ।

४. **अभिलेखको अद्यावधिकरण:** (१) सचिवालयले पदाधिकारीको रिक्त पदमा सिफारिस गर्न समय समयमा नियम ३ बमोजिमको अभिलेख अद्यावधिक गर्नेछ । यसरी अभिलेख अद्यावधिक गर्दा पूर्वअभिलेखमा रहेका व्यक्तिले नियम ३ को उपनियम (२) बमोजिम तोकिएको समयभित्र आफ्नो अभिलेख अद्यावधिक नगराएमा त्यस्ता व्यक्तिको नाम अभिलेखबाट हटाउन सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवालय आफैले उपयुक्त व्यक्तिको नाम अभिलेखमा समावेश तथा अद्यावधिक गर्न सक्नेछ ।



नेपाल कानून आयोग

५. **विवरण पठाउने तरिकाः** (१) कुनै व्यक्तिले नियम ३ को उपनियम (२) बमोजिमको विवरण स्वयं सचिवालयमा उपस्थित भई विद्युतीय प्रतिसहित बुझाउन वा त्यस्तो विवरण इमेलमार्फत् सचिवालयमा पठाउन सक्नेछ ।

(२) सचिवालयले उपनियम (१) बमोजिम विवरण पेश गर्ने व्यक्तिलाइ विवरण प्राप्त भएको भरपाई र इमेलमार्फत् विवरण पठाउने व्यक्तिलाई इमेल प्राप्त भएको जानकारी दिनुपर्नेछ ।

६. **सचिवालयले अभिलेख तयार गर्नेः** (१) सचिवालयले यस नियमावलीबमोजिम प्राप्त भएका विवरणहरू समावेश गरी अभिलेख तयार गर्नेछ । यसरी तयार भएको अभिलेख गोप्य राखिनेछ र परिषद्को प्रयोजनबाहेक अन्य प्रयोजनको लागि कसैलाई उपलब्ध गराइने छैन ।

(२) परिषद्ले सामान्यतः अभिलेखमा जनिएका नामावलीहरूमध्येबाट पदाधिकारीको पदमा उपयुक्त व्यक्तिको नाम नियुक्तिका लागि सिफारिस गर्नेछ ।

७. **नियमावलीको व्याख्याः** यो नियमावलीको व्याख्या गर्ने अन्तिम अधिकार परिषद्लाई हुनेछ ।

नेपाल कानून आयोग